आज मिति २०७४ असार ३१ गते, शनिबार विहान ११:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिकाको प्रथम नगर सभाको मिति २०७४।३।३० गते स्थगित भएको बन्द सत्रको नगर सभाको बैठक निम्न उपस्थितिमा भनपा सभा कक्षमा बसियो :

| ***उपस्थिति*** | **उपस्थित** |
| --- | --- |
| १. प्रमुख श्री सुनिल प्रजापति | |
| २. उप-प्रमुख श्री रजनी जोशी | |
| ३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री | |
| ४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला | |
| ५. वडाध्यक्ष श्री राज कृष्ण गोरा | |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | |
| ७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य | |
| ८. वडाध्यक्ष श्री हरि राम सुवाल | |
| ९. वडाध्यक्ष श्री उकेश कवां | |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | |
| १२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा | |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल | |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति) | |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल | |

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

१९. वडा सदस्य श्री विश्वराज शिल्पकारज्यू, वडा नं. १

२०. वडा सदस्य श्री सूर्य प्रसाद श्रेष्ठज्यू, वडा नं. १

२१ वडा सदस्य श्री गंगालक्ष्मी बमनुज्यू,वडा नं. १

२२. वडा सदस्य श्री श्याम सुन्दर माताङज्यू,वडा नं. २

२३. वडा सदस्य श्री रत्नकाजी नायभारीज्यू, वडा नं. २

२४. वडा सदस्य श्री तुल्सीलक्ष्मी दुमरुज्यू,वडा नं. २

२५. वडा सदस्य श्री मंगललक्ष्मी शाहीज्यू, वडा नं. २।

२६. वडा सदस्य श्री राजकुमार शिल्पकारज्यू, वडा नं. ३

२७. वडा सदस्य श्री कृष्ण गोपाल चौगुठीज्यू, वडा नं. ३।

२८. वडा सदस्य श्री सुनिता प्रजापतिज्यू, वडा नं. ३।

२९. वडा सदस्य श्री पशुपति प्रजापतिज्यू, वडा नं. ४

३०. वडा सदस्य श्री राजेन्द्र माकज्यू, वडा नं. ४

३१. वडा सदस्य श्री कृष्ण लक्ष्मी दुवालज्यू, वडा नं. ४।

३२. वडा सदस्य श्री पूर्ण गोपाल राजचलज्यू, वडा नं. ५

३३. वडा सदस्य श्री बलराम न्हिसुतुज्यू, वडा नं. ५

३४. वडा सदस्य श्री सम्झना खाईजुज्यू, वडा नं. ५

३५. वडा सदस्य श्री सरिना द्योलाज्यू, वडा नं. ५

३६. वडा सदस्य श्री गोविन्द दुवालज्यू,वडा नं. ६

३७. वडा सदस्य श्री सिद्धिराम अवालज्यू, वडा नं. ६

३८. वडा सदस्य श्री रोशन मैया सुवालज्यू, वडा नं. ६

३९. वडा सदस्य श्री सितादेवी नेपालीज्यू, वडा नं. ६

४०. वडा सदस्य श्री हेरा ख्याजुज्यू,वडा नं. ७

४१. वडा सदस्य श्री हरिरत्न गोर्खालीज्यू, वडा नं. ७

४२. वडा सदस्य श्री रञ्जना त्वातीज्यू, वडा नं. ७।

४३. वडा सदस्य श्री रिजु कपालीज्यू,वडा नं. ७।

४४. वडा सदस्य श्री कृष्ण गोपाल छुस्याबागज्यू, वडा नं. ८

४५. वडा सदस्य श्री शिव प्रसाद बालाज्यू, वडा नं. ८

४६. वडा सदस्य श्री पंचमाया दुवालज्यू, भ.न.पा. वडा नं. ८

४७. वडा सदस्य श्री जगतलाल मानन्धरज्यू,वडा नं. ९

४८. वडा सदस्य श्री इन्द्र बहादुर प्याथज्यू, वडा नं. ९

४९. वडा सदस्य श्री छोरीमैया प्रजापति (सुजखु) ज्यू, वडा नं. ९

५०. वडा सदस्य श्री ज्ञान कुमार मगजुज्यू,. वडा नं. १०

५१. वडा सदस्य श्री जितेन्द्र मुनंकर्मीज्यू, वडा नं. १० ।

५२. वडा सदस्य श्री विजय लक्ष्मी शाक्यज्यू, वडा नं. १० ।

**विषयहरु :–**

१. नगर सभा बोलाउने बारे ।

२. 2017 ASIA PACIFIC CITIES SUMMIT & MAYORS FOURM मा भाग लिनेबारे ।

३. विविध ।

**निर्णयहरु :**

१. भक्तपुर नगरपालिकाको प्रथम नगर सभा मिति २०७४।३।२९,३० र ३१ गते बोलाउने । नगर सभाको उद्घाटन कार्यक्रम २९ गते ख्वप इन्जिनियरिङ्ग कलेज, लिवालीमा बिहान ११:०० बजे गर्ने र ३० गते न.पा. सभा कक्षमा नगर सभाको बैठक बोलाउने साथै ३१ गते समापन कार्यक्रम गर्ने । सोको लागि आवश्यक व्यवस्थापन गर्न वातावरण तथा पर्यटन समितिलाई जिम्मा दिने ।

२. एशिया प्रशान्त क्षेत्रीय शहरहरुको शहरी व्यवस्थापन सम्बन्धी मेयरहरुको सम्मेलन देइयोङ्ग कोरियामा 2017-10-13 Sept मा हुने सम्मेलनमा भाग लिन यस न.पा.का उप प्रमुख श्री रजनी जोशी र पर्यटन अधिकृत दामोदर सुवालको अनलाइन मार्फत फाराम भरेकोमा सम्पूर्ण खर्च व्यहोर्ने गरी फाराम स्वीकृत भैआएकोले सो अनुसार उप प्रमुख श्री रजनी जोशी र सहयोगीको रुपमा पर्यटन अधिकृत दामोदर सुवाललाई सम्मेलनमा भाग लिन पठाउने । सोको लागि पछि सोधभर्ना गर्ने गरी हाल न.पा.बाट टिकट खरिद गर्ने । साथै अन्य खर्चको लागि नेपाल सरकारको निर्णय अनुसार दिने ।

३. विविध विषयमा छलफल हुंदा देहाय अनुसार गर्ने

क. आ.व. २०७४/०७५ को लागि यस न.पा. लाई आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा मिति २०७४।३।१६ गतेको खरिद इकाई समितिबाट रु.८९,४९,८८१।२५ को वार्षिक खरिद योजना तयार भई स्वीकृतिको लागि जिन्सी उपशाखाबाट पेश भएको हुंदा रु.८९,४९,८८१।२५ को वार्षिक खरिद योजना स्वीकृत गर्ने ।

ख) उपभोक्ता समिति गठन सम्बन्धमा छलफल हुंदा देहाय अनुसार गर्ने निर्णय गरियो :

१. योजनाको नाम : भ.न.पा. वडा नं. १० क्वाठण्डौस्थित ईनार मर्मत कार्य

**पदाधिकारीहरुको नाम**

अध्यक्ष श्री अलिसा मुस्याख्व
सचिव श्री केशरी मारिखु
कोषाध्यक्ष श्री नारां देवी मारिखु
सदस्य श्री कमल केशरी मुस्याख्व
सदस्य श्री तिर्थलक्ष्मी खानिबन्जार
सदस्य श्री सिता मारिखु
सदस्य श्री कृष्णाश्वरी दुवाल

ग). भ.न.पा. वडा नं. ६ भोलाछेंस्थित नारायण मन्दिरको उत्तरतर्फको छाना मर्मत कार्य गर्न तयार भएको ल.ई. रु.२०,६४,३४।३९

१. मुलाछें पाटी पुनः निर्माण कार्यको रि.ल.ई. रु.१४,६४,१९९।७३

२. भ.न.पा.वडा नं. १०, क्वाठण्डौस्थित श्री कुटीप्वाक गणेश द्योछें पुनः निर्माण गर्न मिति २०७०।१०।२३ मा रु.१७,४९,३३६।७४ को योजना स्वीकृत भई उक्त योजना संचालनार्थ स्थानीय श्री हरि राम मुस्याख्वज्यूको अध्यक्षतामा गठित उपभोक्ता समितिसंग मिति २०७०।१२।२० मा सम्झौता सम्पन्न गरी क्रमागत रुपमा योजना संचालन गर्दै जाँदा स्थानीय बुद्धिजीवीहरुको सुझाव अनुसार श्री कुटिप्वाक द्योछेंले चर्चेको सबै भागमा द्योछें निर्माण गर्ने गरी २०७१।१।१५ मा नक्सा डिजाइन परिवर्तन गरी संशोधित ल.ई. रु.४६,०२,७३८।६० स्वीकृत गरी पुनः निर्माण संचालन भएको योजनामा समितिले पटक पटक गरी रु.३३,३०,३५१।- पेश्की तथा भुक्तानी लिनु भई रु.१७,३०५।- बराबरको जनश्रमदान र रु.५१,७२५।- आर्थिक सहयोग जुटेको समेत रु.३३,९९,३८१।- आम्दानी बांडी रु.३६,०१,०११।०६ बराबरको खर्चको फांटवारी पेश गरी नपुग रु.२०१६३०।- भुक्तानी माग भएको कार्यको दोश्रो तथा तेश्रो तल्लाको झ्यालको खापा जडान गर्ने कार्य बाहेक सम्पन्न कार्यहरुको नाप जांच गरी कार्य मूल्यांकन गर्दा

रु.३८,२७,४४०।७३ बराबरको कार्य भएको देखिएकोले फांटवारी रकम रु.३६,०१,०११।०६ मा आर्थिक सहयोग र श्रमदान जुटेको रु ६९,०३०।- कटाई बांकी रु.३५,३१,९८१।- कार्यालयको खुद खर्च समर्थन हुन र यस अगावै रु.३०,०५,३५१।-क्रमिक पेश्की फछ्र्यौट भइसकेको र समितिको नाममा बांकी रहेको रु.३,२५,०००।- पेश्की फछ्र्यौट गरी माग बमोजिम नपुग रकम रु.२,०१,६३०।- चालू आ.व.०७३/०७४ को अन्य योजनाको भुक्तानी बांकी शीर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरियो र केही संशोधित कार्यहरु समेत समर्थन गरियो ।

घ. क्रमिक पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुंदा देहाय अनुसार गर्ने निर्णय गरियो :

१. भ.न.पा.वडा नं. ३, तेखाचोस्थित गणेश मन्दिर अगाडिको अजिमा सत्तल पुनः निर्माण गर्न

रु.४२,४२,७८६।८९ को इष्टमेट स्वीकृत भई उक्त योजनाका उपभोक्ता समितिका अध्यक्ष श्री लोमसलाल शिलाकारज्यूले पहिलो किस्ता रु.८,००,०००।- (अक्षेरुपी रु.आठ लाख) पेश्की लिनु भई मिति २०७४।१।६ देखि कार्य शुरु गरी मिति २०७४।३।२ गतेसम्ममा रु.१४,५५,०८०।४२ बराबरको खर्चको फांटवारी पेश गर्नु भई पुनः रु.१५,००,०००।- (अक्षेरुपी रु. पन्ध्र लाख) थप पेश्की माग गर्नु भएकोमा सम्पन्न कार्यहरुको मूल्यांकन गर्दा कुल रु.१४,७३,१६७।८७ बराबरको कार्य भएको देखिएकोले निजको नाममा रहेको पेश्की रु.८,००,०००।- (अक्षेरुपी रु. आठ लाख) क्रमिक रुपमा पेश्की फछ्र्यौट गरी चालू आ.व. ०७३/०७४ मा उक्त योजनालाई छुट्याएको बांकी रकमबाट रु.६,५५,०८०।४२ भुक्तानी दिने र चालू. आ.व.०७३/०७४ को अन्य योजनाको बांकी भुक्तानी महलमा विनियोजित रकमबाट पुनः रु.१०,००,०००।- (अक्षेरुपी रु. दश लाख) पुनः पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

२. भ.न.पा.वडा नं. २, व्यासीस्थित लघु पाटी पुनः निर्माण गर्न उपभोक्ता समितिका अध्यक्षले पहिलो पेश्की रु.७,००,०००। (सात लाख) लिनु भई कार्य संचालन गर्दै हालसम्मको खर्च रु.१०,१३,५५७।८५ खर्च भएको बिल भर्पाई पेश गर्नु भई पुनः रु.८,००,०००।- (आठ लाख) थप पेश्की माग गर्नु भएको तथा विविध कारणले समयमै काम सम्पन्न गर्न नसकी म्याद थपको निवेदन परेको सम्बन्धमा उक्त पाटी पुनः निर्माण गर्न सम्पदा उपशाखाले तयार गरेको लघु पाटीको नक्सा र गत २०७२।१।१२/१३ र २९ गतेको भूकम्प पश्चात् घर धनीले आफ्नो घर पुनः निर्माण गर्न नगरपालिकाबाट स्वीकृत गरी लगेको नक्सामा केही फरक भएको तथा नक्सा

शाखाबाट स्वीकृत नक्सा बमोजिम हाल निर्मित ढलाने पाटीको सम्पन्न कार्यहरुको मूल्यांकन गर्दा रु.१०,५४,३४२।९७ बराबरको कार्य भएको देखिएकोले निवेदन माग बमोजिम योजनाको म्याद २०७४।३।३० सम्म म्याद थप हुन तथा निवेदकको नाममा पहिलो किस्ता पेश्की गएको रु.७,००,०००।- क्रमिक पेश्की फछ्र्यौट गरी उक्त योजनाको लागि चालू आ.व. २०७३/०७४ मा विनियोजित रु.४,००,०००।- मध्येबाट रु.३,१३,५५७।८५ भुक्तानी हुन तथा रु.८५,०००।- (अक्षेरुपी रु. पचासी हजार) पुनः पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

४. खेलकुद समितिको मिति २०७४।३। गतेको निर्णय अनुसार वर्षको उत्कृष्ट खेलाडीहरु सम्मान तथा बधाई कार्यक्रमको लागि विनियोजन गरेको रु.३,००,०००।- अनुमोदन गर्ने ।